# परिशिष्ट १

## अभ्यास प्रश्नहरूका उत्तरहरू

### के सर्वशक्तिमान परमेश्वरको अस्तित्व छ ?

(अध्याय १ का प्रश्नहरूको)

१. कसैले सोध्ने सबैभन्दा गहन प्रश्न भनेको "के परमेश्वरको अस्तित्व छ ?" भन्ने नै हो ।

२. "के परमेश्वरको अस्तित्व छ ?" भन्ने प्रश्न गहन छ किनभने हामीले यो प्रश्नको उत्तर जसरी दिन्छौं त्यसले हाम्रा जीवनबारेमा अरु सबै प्रश्नहरूलाई असर पार्दछ ।

३. परमेश्वरबारेको एउटा दृढ वचनका साथ बाइबल सुरु हुन्छ ।

४. हामीलाई परमेश्वरमा विश्वास गर्न बाध्य पार्ने पहिलो प्रमाण भनेको यो संसारको प्रमाण नै हो । पृथ्वी र ब्रम्हाण्डले पनि वाक्‌पटुताकासाथ परमेश्वरको अस्तित्वको घोषणा गरिरहेका हुन्छन् ।

५. यदि मान्छेको अस्तित्वको श्रेय परमेश्वरलाई दिइदैन भने, हामीले (१) जीवनको उत्पत्ति, (२) प्राकृतिक नियमको अस्तित्व र (३) परिवारको अस्तित्वबारेमा वर्णन गर्न सक्दैनौ ।

### बाइबल, परमेश्वरको वचन

(अध्याय २ का प्रश्नहरूको)

१. "परमेश्वरको प्रेरणा" भनी अनुवाद गरिएको ग्रीक वाक्यांशको शाब्दीक अर्थ "परमेश्वरले बोल्नुभएको" भन्ने हुन्छ । सांसारिक लेखकहरूले पनि विभिन्न उद्दीपकहरूबाट प्रेरणा पाएको भनिन्छ, तर बाइबलले यसको प्रेरणा स्वयम् परमेश्वर हुनुहुन्छ भनी दृढताको साथ स्वीकार गरेको छ ।

२. डाइक्लिसियन बाइबललाई पूर्णरुपमा विनाश गर्न असफलभएको थियो । वास्तवमा, सय वर्षपछि, जब अर्को रोमी सम्राटले नयाँ करार पुनः उत्पादन गर्ने घोषणा गऱ्यो, तब पचासवटा प्रतिहरू चौबिस-घण्टा भित्रै उसलाई उपलब्ध गराईएको थियो ।

३. एउटा यस्तो विश्वमा लेखिएको जसलाई स्वास्थ्य अथवा स्वास्थ्य अभ्यासकोबारेमा केही पनि थाहा थिएन, तापनि मोशाका पुस्तकहरूले आधुनिक अवधारणाहरू प्रदर्शन गरेको छ । यद्यपि यो वैज्ञानिकहरूले किणाणुहरू पत्ता लगाउनुभन्दा तीन हजार वर्षअघि लेखिएको थियो, तर लेवी १३:४५ ले रोगहरू फैलन कसरी रोक्ने भन्ने उपायको जानकारी दिएको छ ।

४. बाइबलले साहित्यमा थाहा भएका सबै विधा समेटेको र चालिसभन्दा बढी लेखकहरूले दुई हजारभन्दा बढी वर्षहरू लगाएर लेखेको भए तापनि, यसले पूर्ण एकता प्रदर्शन गर्दछ ।

५. बाइबलको मूल विषयवस्तु भनेको एउटा मानिस–येशू खीष्टको कथा हो ।

६. बाइबलले कुनै अरु पुस्तकलेभन्दा मानवजातिमा बृहद प्रभाव पारेको छ । यसले इतिहासको धार बदलेको छ, साम्राज्यहरू स्थापना गरेको छ र जसले यसको दृष्टिकोणलाई पालना गरेका छन् तिनीहरू माथि आशिषहरू र सफलताहरू ल्याएको छ ।

७. बाइबलले यसको पाठकलाई उनको आफ्नै अनन्तताको आसा र निश्चयता प्रदान गरेको छ, र जब आफन्त जन वितेर जान्छन् भने यसले उनलाई सान्त्वना प्रदान गर्दछ ।

८. परमेश्वरको बचनका आश्चर्यहरूमा यसको पौराणिकता, यसको आधुनिकता, यसको विविधता, यसको एकता, यसको विषयवस्तु, यसको प्रभाव र यसको सान्त्वना हुन् ।

## परमेश्वर पिता को हुनुहुन्छ ?

(अध्याय ३ का प्रश्नहरूको)

१. किनभने उहाँ एकजनामात्र साँचो र जीवित परमेश्वर हुनुहुन्छ । उहाँले यो संसारको सृष्टि गर्नुभएको हो र उहाँ एकमात्र अनन्त, सर्वशक्तिमान, सर्वज्ञानी र सर्वव्यापी हुनुहुन्छ ।

२. पुरानो करारको ईश्वरत्वको विचारालाई संकेत गर्ने पदहरू उत्पत्ति १:२६, उत्पत्ति ३:२२, उत्पत्ति ११:७ यशैया ६:८ हुन् ।

३. येशूको बप्तिष्मा, मानिसको उद्धारको कार्य, प्रार्थना र महान् आज्ञाको बतिष्माले पिता, पुत्र र पवित्र आत्मा मिलेर काम गर्नुहुन्छ भन्ने उदाहरण देखाएको छ ।
४. मानिस परमेश्वर तर्फ आउने एउटै मात्र उपलब्ध बाटो येशू ख्रीष्ट हुनुहुन्छ । उहाँ परमेश्वर र मानिस विचको एकमात्र साँचो मध्यस्थकर्ता हुनुहुन्छ ।
५. यूहन्ना १४:६ र १ तिमोथी २:५ ले हामी स्वर्गदूतहरू, सन्तहरू अथवा कुनै पनि जीवित वा मरेको मानिसद्वारा परमेश्वर कहाँ पुग्न सक्दैनौ भन्ने सिकाउँछ । पिता कहाँ जाने एक मात्र बाटो येशू ख्रीष्ट हुनुहुन्छ ।
६. उहाँको मानवजाति संगको सम्बन्ध प्रतिबिम्बित गर्न येशूलाई "मानिसको पुत्र" भनिएको छ र उहाँको परमेश्वरसंगको सम्बन्धमा, उहाँलाई "परमेश्वरको पुत्र" भनिएको छ ।
७. परमेश्वरकोबारेमा बाइबलमा सिकाइएका केही तथ्यहरू यी हुन्: (१) पिता, पुत्र र पवित्र आत्मा अस्तित्वमा हुनुहुन्छ । (२) उहाँ तीनबाट एक महिमित ईश्वरत्व बनेको छ । (३) उहाँहरू संयुक्त र एउटैरुपमा अस्तित्वमा हुनुहुन्छ । (४) उहाँहरू सबै सृष्टि गरिएका थोकहरूभन्दा अनन्त, पृथक र फरक हुनुहुन्छ । (५) उहाँहरू इच्छा र उद्देश्यमा पनि एक हुनुहुन्छ ।
८. परमेश्वरले सबैथोक सृष्टि गर्नुभएको हो भन्ने सत्यता यी तथ्यहरूमा आधारित छन्: (१) उहाँ सबै वास्तविकताहरूभन्दा उच्च हुनुहुन्छ । (२) उहाँ अनन्त हुनुहुन्छ । (३) उहाँ सर्वशक्तिमान् हुनुहुन्छ । (४) उहाँ सर्वज्ञानी हुनुहुन्छ । (५) उहाँ सबै ठाँउमा उपस्थित (सर्वव्यापि) हुनुहुन्छ । (६) उहाँ एक मात्र साँचो र जीवित परमेश्वर हुनुहुन्छ ।
९. हामीलाई कलस्सी १:१६, १७ मा परमेश्वरले सबै थोक बाँधेर राखेर, निरन्तर यस संसारमा काम गर्नुहुन्छ भनिएको छ । तर्क र अवलोकनले पनि हामीलाई एक सर्वशक्तिमान्को हातले पृथ्वीको साथै यसका प्राकृतिक नियमहरूलाई संचालन गरेको छ भन्ने कुरा प्रकट गर्दछ । उहाँले निरन्तर हावा, पानी, र घामको प्रकाश पृथ्वी र यसका मानिसहरूको निम्ति दिनुहुन्छ ।
१०. परमेश्वरले येशूद्वारा गर्नुहुने धार्मिक इन्साफ व्यक्तिगत, विशिष्ट, र विश्वव्यापी हुनेछ ।

## येशू, परमेश्वरका पुत्र

(अध्याय ४ का प्रश्नहरूको)

१. खीष्टियानिटीको केन्द्रविन्दुमा येशू खीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने सत्य रहेको छ ।

२. येशूको जन्मको साथै उहाँको वंशावलीको केही सुस्पष्टरुपमा अगमवाणी गरिएको थियो । उहाँको जन्मस्थान र प्रकृतिको भविष्यवाणी गरिएको थियो । अगमवक्ताहरूले उहाँको मिश्र गमन र उहाँको जन्मको समयमा हुने आमहत्याको भविष्यवाणी गरेका थिए । उहाँको गालीलको जीवन, उहाँको येरुशलेममा हुने बिजय प्रवेश, उहाँकोअघि आउने व्यक्ति र उहाँका कामको अगमवाणीभएको थियो । उहाँको सेवाकाई, उहाँले दृष्टान्तहरूमा दिनुहुने शिक्षा, उहाँको अन्य जातिहरू माझँको कार्य र यहूदी शासकहरूद्वारा उहाँलाई गरिने इन्कारको भाविष्यवाणी गरिएको थियो । येशूलाई दिइने धोका र मृत्युबारेमा धेरै विस्तृतरुपमा अगमवाणीमा चित्रण गरिएको थियो । उहाँका मृत्युका समयका वचनहरूका साथमा उहाँको गडाई, पुनरुत्थान र स्वर्ग प्रस्थानका जानकारी पहिले नै लेखिएका थिए (अध्याय ४ माभएको “किनभने उहाँले पुरानो करारका भविष्यवाणी पुरा गर्नुभएको छ” भन्ने खण्ड हेर्नुहोस्) ।

३. येशूकोबारेमा पुरा भएका भविष्यवाणीहरूले येशू ईश्वरीय जन हुनुहुन्थ्यो र जसले बाइबल लेखेका थिए ती प्रेरणाप्राप्त मानिसहरू थिए भन्ने प्रमाणित गर्दछ ।

४. येशूले अब्राहमभन्दाअघिबाट अस्तित्वमा छु र उहाँ यो संसार सुरु हुनुभन्दाअघिबाट परमेश्वरसंग हुनुहुन्थ्यो भन्ने दावा गर्नुभएको थियो । उहाँले स्वर्गबाट आउनुभएको हो र उहाँसंग पृथ्वीमा सारा अधिकार छन् भनी सिकाउनुभएको थियो ।

५. येशूले म संसारको ज्योति हुँ भन्नुभएको थियो, त्यसपछि उहाँले अन्धोलाई देख्ने बनाउनुभएको थियो, उहाँले आफूलाई जीवनको रोटी हुँ भन्नुभएको थियो, र उहाँले पाँच हजारलाई खुवाउनुभएको थियो । उहाँले पुनरुत्थान र जीवन म नै हुँ भनी दावा गर्नुभएको थियो, र उहाँले लाजरसलाई मरेकोबाट जीवित बनाउनुभएको थियो ।

६. येशूको भलोपनलाई पिलातसकी पत्नी, हेरोद, क्रूसमा टाँगीएको अपराधी र यहाँसम्म कि यहूदाले पनि स्वीकार गरेका थिए ।

७. प्रभुको दिन, प्रभु भोज, बप्तिष्मा र हाम्रा पात्रोहरूमा भएका

मितिहरू पनि येशूले हाम्रो संसारमा पार्नुभएको प्रभावहरू हुन् ।

## पवित्र-आत्मा को हुनुहुन्छ ?

(अध्याय ५ का प्रश्नहरूको)

१. प्रश्न "के ?" हुनुहुन्छ को साटो "को ?" हुनुहुन्छ भन्ने हो, किनभने पवित्र-आत्मा यथार्थमा एउटा व्यक्तित्वभएको ईश्वरीय व्यक्ति हुनुहुन्छ ।

२. तथ्य के हो भने पवित्र-आत्माले अभिप्राय, मन, इच्छा, ज्ञान र संवेगहरू प्रदर्शन गर्नुहुन्छ जसले उहाँ एउटा शक्तिमात्र होइन, एउटा जीवित व्यक्ति हुनुहुन्छ भन्ने देखाउँछ ।

३. बल अथवा शक्तिलाई गरिने दुर्व्यवहारलाई अक्सर गरेर एउटा साहित्यिक अथवा आलंकारिक प्रसंगहरूमा बाहेक "संताप दिनु", "अनादर गर्नु", अथवा "निभाउनु" जस्ता शब्दहरूले वर्णन गरिएको छैन, । यी पदहरूका प्रसंगहरूले भाषा साहित्यिक अथवा आलंकारिक छ भन्ने संकेत गर्दैनन् । यदि कसैले पवित्र आत्मालाई "संताप दिन" अथवा "अनादर गर्न" सक्छ भने, उहाँ पक्कै पनि एउटा व्यक्ति हुनुपर्दछ ।

४. पवित्र-आत्मासंग अनन्त, सर्वज्ञानी, सर्वशक्तिमान् र सबै ठाँउमा उपस्थित हुनसक्ने जस्ता पिता र पुत्रका गुणहरू छन् । पिता र पुत्र जस्तै पवित्र-आत्मासंग पनि सृजनात्मक शक्तिहरू छन् ।

## परमेश्वर मानिस बन्नुभयो

(अध्याय ६ का प्रश्नहरूको)

१. नयाँ करारका पहिलो चार पुस्तकहरू–सुसमाचारहरूले परमेश्वर कसरी मानिस बन्नुभयो भन्ने कुरा देखाएका छन् ।

२. येशूको जन्म उहाँको सुरुवात थिएन । यो संसार अस्तित्वमा आउनुभन्दाअघिबाट उहाँसंग पिताको जस्तै महिमा थियो ।

३. यूहन्ना १:१-५ ले यी चार महान् सत्यहरू सिकाउँदछः (१) येशू कुनै सृष्टि हुनुहुन्थेन । (२) परमेश्वरले येशूद्वारा संसार सृष्टि गर्नुभएको थियो । (३) येशूले जीवितहरूलाई जीवन दिनुहुन्छ । (४) येशू जीवन र मृत्युको प्रभु (मालिक) हुनुहुन्छ ।

४. येशू हामी जस्तै हुनको निम्ति ओर्लनुभएको चारवटा खुड्किलाहरू (१) स्वर्ग छोड्नुभएको, (२) मानिस बन्नुभएको, (३) मानिसहरूको

सेवा गर्नुभएको र (४) मृत्युवरण गर्नुभएको, हुन् ।

५. परमेश्वर मानिस बन्नुभएको सत्यता नै ख्रीष्टियानिटीको प्रमुख सत्यता हो ।

६. येशूको जन्म एउटा विशेष जन्म थियो किनभने उहाँ एउटा कन्या कुमारीबाट जन्मनुभएको थियो ।

७. हामीले कहिले भुल्नु हुँदैन येशू (१) परमेश्वर हुनुहुन्थ्यो र हुनुहुन्छ, (२) एउटा मानिस बन्नुभयो र (३) पृथ्वीमा एउटा असल मानिसकोरुपमा जीवन बिताउनु भयो ।

८. येशू परमेश्वर हुनुहुन्थ्योः उहाँलाई मानिस हुनुभनेको एउटा मानिसलाई एउटा कमिला हुनुभन्दाको पनि तल्लो स्तरको कुरा थियो ।

## हामीले येशूलाई कसरी हेर्नुपर्छ ?

(अध्याय ७ का प्रश्नहरूको)

१. “मुक्तिदाता” शब्दको अर्थ अरुहरूलाई गम्भिर खतराबाट बचाउने एउटा व्यक्ति भन्ने हुन्छ ।

२. येशू एक अद्वितीय मुक्तिदाता हुनुहुन्छ किनभने उहाँले हामीलाई हाम्रा पापहरूबाट बचाउनु हुन्छ ।

३. “ख्रीष्ट” को अर्थ “परमेश्वरबाट अभिषेक गरिएको अथवा चुनिएको” भन्ने हुन्छ ।

४. हामी येशू परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने थाहा पाउँदछौं किनभने येशूको बप्तिष्मामा परमेश्वरले उहाँलाई आफ्नो पुत्रकोरुपमा घोषणा गर्नुभएको थियो ।

५. प्रेरित युहन्नाले हामीलाई तीनवटा साक्षीहरूः आत्मा, पानी र रगत दिइएको छ भनेका छन् । पवित्र-आत्मा, पानी र रगतको कुरा गर्दा प्रेरितले येशूका जीवनका घटनाहरू उल्लेख गरिरहेका थिए । जब उहाँले पानीमा बप्तिष्मा लिनुभएको थियो पवित्र-आत्मा उहाँ माथि ओर्लनुभएको थियो र रगतले उहाँका मृत्यु वरिपरीका घटनाहरूलाई उल्लेख गरेको छ ।

६. पत्रुसले आफ्ना श्रोताहरूलाई येशूलाई प्रभु र ख्रीष्टकोरुपमा स्वीकार गर्न चुनौती दिएका थिए (प्रेरित २:३६) ।

७. यदि येशू प्रभु हुनुहुन्छ भने (र उहाँ हुनुहुन्छ), त्यसो भए हामी उहाँको शिक्षामा समर्पित हुनै पर्दछ र उहाँलाई हाम्रो जीवनमा

पहिलो स्थान दिनै पर्दछ ।

## किन येशू पृथ्वीमा आउनुभयो ?

(अध्याय ८ का प्रश्नहरूको)

१. प्रभु यस पृथ्वीमा आउनुभएको नै मानव इतिहासको महान घटना थियो । हाम्रो मुक्ति उहाँ क्रूसमा बलिदान हुन आउने कुरामा निर्भर थियो ।
२. येशू पूर्णरुपमा मानिस हुनुहुन्थ्यो र पूर्णरुपमा ईश्वरीय हुनुहुन्थ्यो ।
३. येशूमा पूर्णरुपमा ईश्वरत्व थियो र पूर्णरुपमा मानव पनि हुनुहुन्थ्यो ।
४. हाम्रा प्रभु–उहाँको सेवाकाई, मृत्यु र पुनरुत्थानद्वारा–ती मानिसहरू बोलाउन आउनुभएको थियो जसलाई उहाँले आफ्नो मण्डली भन्न लाग्नुभएको थियो ।
५. येशूले बाह्र प्रेरितहरू चुन्नुभयो र व्यक्तिगतरुपमा उनीहरूलाई तालिम दिनुभयो, तर यो स्पष्ट देखिन्छ कि उहाँले उनीहरूलाई त्यो कामको निम्ति तालिम दिइराख्नुभएको थियो जुन तिनीहरूले उहाँ गएपछि गर्नुपर्ने थियो (यूहन्ना १४:१९) ।
६. पत्रहरूले हामीलाई उहाँको आत्मिक शरीर भएर ख्रीष्टको जीवन प्रति कसरी प्रतिकृया जनाउनु पर्दछ भन्ने देखाउँदछन् ।
७. होइन, उहाँको मण्डली नभैकन हामीले येशूको जीवन प्रति ठीकरुपमा प्रतिकृया जनाउन सक्दैनौ ।
८. होइन, येशूले हाम्रो निम्ति यस संसारमा दिनुभएको लक्ष्य उहाँको मण्डलीकारुपमा जीवन नबिताइ पुरा गर्न सक्दैनौ ।

## क्रूस र मण्डली

(अध्याय ९ का प्रश्नहरूको)

१. बाइबलको कथाको मुटु भनेको परमेश्वरको पुत्रले उहाँको जीवन मानिसहरूको निम्ति क्रूसमा बलिदान गर्नुभएको थियो भन्ने नै हो ।
२. ख्रीष्टियानिटीको केन्द्रमा पापको निम्ति चडाइएको ईश्वरीय बलिदान र त्यो बलिदानको मृतकबाटभएको पुनरुत्थान मात्र रहेको छ ।
३. मण्डली विहिन ख्रीष्टियानिटी अस्तित्वमा रहन सक्दैन, किनभने

एउटा शिरले शरीर बिना काम गर्न सक्दैन, न शरीरले शिर बिना काम गर्न सक्छ ।

४. क्रूसले (१) मण्डली सृष्टि गर्दछ, (२) मण्डलीलाई शुद्ध पार्दछ, र (३) मण्डलीलाई कृयाशिल, अथवा बाध्य पार्दछ ।
५. कुनै पनि व्यक्तिले ख्रीष्टमाभएको विश्वास (रोमी १०:१०), पापको पश्चाताप (प्रेरित ११:१८), ख्रीष्टलाई परमेश्वरको पुत्रकोरुपमा गरेको स्वीकार (रोमी १०:१०), र ख्रीष्टमा लिएको बप्तिष्मा (गलाती ३:२७) द्वारा ख्रीष्टको शरीरमा प्रवेश गर्दछन् ।
६. येशूले हामीलाई पापक्षमा र जीवन पाउन निमन्त्रणा गर्नुहुन्छ ।
७. ख्रीष्टको शरीरलाई मण्डली भनिएको छ ।

## "मण्डली" के हो ?

(अध्याय १० का प्रश्नहरूको)

१. पवित्र आत्माले शब्दहरू कसरी प्रयोग गर्नुभएको छ भन्ने कुरा बुझ्नु धेरै नै महत्वपूर्ण हुन्छ । हामीले अर्थहरू, उदाहरणहरू र येशू र प्रेरितहरूद्वारा प्रयोगभएको विचारका स्वरुपहरू थाहा पाउन बाइबलिय संसारकोबारेमा अध्ययन गर्ने इच्छा गर्नै पर्दछ (अध्याय १० र परिशिष्ट ३ हेर्नुहोला) ।
२. "मण्डली" शब्दले तिनीहरूको शरीरलाई संकेत गर्दछ जसले ख्रीष्टको सुसमाचारको आज्ञा-पालन गरेका हुन्छन् र ख्रीष्टको रगतद्वारा उद्धार पाएका हुन्छन् । ख्रीष्टियानहरू स्थानियरुपमा एक ठाउँमा भेलाभएको अवस्थामा "मण्डली" हुन्छन् । साथै, यसले संसार भरिका उद्धार पाएका सबैलाई पनि संकेत गर्न सक्दछ ।
३. मण्डली परमेश्वरको मन्दिर हो भन्ने तथ्य के हो भने कि परमेश्वर उहाँका मानिसहरूको माँझहरूमा बास गर्नुहुन्छ । यसै कारणले गर्दा हामी जीवित हुन्छौ, काम गर्दछौ र परमेश्वरको बास भएका मानिसहरूकोरुपमा उहाँको आराधना गर्दछौं ।
४. ख्रीष्टियानहरू मिलेर एउटा "जीवित" घर, मण्डली बनेको हुन्छ । प्रत्येक ख्रीष्टियान निरन्तर बढी रहेको अवस्थामा हुन पर्दछ ।
५. जसरी पति पत्नीको शिर हुन्छन् त्यसै गरि ख्रीष्ट मण्डलीको शिर हुनुहुन्छ । जसरी पतिले पत्नीलाई प्रेम गर्दछन् त्यसै गरि ख्रीष्टले मण्डलीलाई प्रेम गर्नुहुन्छ ।

६. कुनै पनि व्यक्ति विश्वास, पश्चाताप, स्वीकार र बप्तिष्माद्वारा ख्रीष्टिय मण्डलीमा प्रवेश गर्दछन् । मानिसले होइन, परमेश्वरले उद्धार पाएका हरेक व्यक्तिलाई उहाँको मण्डलीमा थप्नु हुन्छ ।
७. मण्डलीले ख्रीष्टको नाउँ धारण गरेको हुन्छ, उहाँको आराधना गर्न एकसाथ भेला हुन्छ र यो संसारमा उहाँको काम गर्दछ । ख्रीष्टका पवित्र-आत्मा ख्रीष्टियानहरूमा वास गर्नुहुन्छ ।

## सर्वदा भनिएको अर्को महान् कथा

(अध्याय ११ का प्रश्नहरूको)

१. मण्डली भनेको महान आज्ञा पुराभएको (मत्ती २८:२०) र यस पृथ्वीमाभएको ख्रीष्टको शरीर हो ।
२. प्रेरित २:१ माभएको "तिनीहरू" भन्ने सर्वनामले प्रेरित १:२६ मा भएका "एघार प्रेरितहरू" लाई इंङ्गित गर्दछ । बाइबलमा कहिँ पनि पेन्तिकोसको दिनमा प्रेरितहरू बाहेक अरुले पवित्र आत्माको बप्तिष्मा पाएका थिए भनी लेखिएको छैन ।
३. परमेश्वरको सन्देश प्रकट गर्न, त्यो सन्देश परमेश्वरबाट आएको थियो भनी प्रमाणित गर्न र अरु ख्रीष्टियानहरूमा आश्चर्यकर्मको वरदान दिन सक्षम बनाउन प्रेरितहरूले पवित्र-आत्माको बप्तिष्मा पाएका थिए ।
४. प्रेरितहरू पवित्र आत्मामा बप्तिष्मा हुनुले हामीलाई नयाँ करार प्रेरणा-प्राप्त मानिहरूद्वारा दिइएको हो भन्ने प्रमाणित गर्दछ ।
५. ख्रीष्टको ईश्वरत्वको प्रमाणकोरुपमा, पत्रुसले उहाँको आश्चर्यकर्महरू, उहाँको पुनरुत्थान, अगमवाणीहरू पुराभएको, साक्षीहरूको प्रमाण र पवित्र आत्मा ओर्लनुभएको कुरा गरेका छन् ।
६. परमेश्वरको मुक्तिको योजनाको निम्ति ख्रीष्टको पुनरुत्थान अत्यावश्यक छ । यदि उहाँ मृतकबाट बौरी उठ्नु नभएको भए ख्रीष्ट परमेश्वरका ईश्वरीय पुत्र हुनुहुन्छ भनी सोच्न सकिदैनथ्यो ।
७. पाप मै हराइरहनुभन्दा ठूलो दुःखद कुरा अरु कुनै छैन ।
८. मुक्तिको शर्तहरूको सन्दर्भमा, मर्कूस १६:१५, १६ ले विश्वासलाई, लूका २४:४६, ४७ ले पश्चाताप र पापको क्षमा, र मत्ती २८:१८-२० ले बप्तिष्मालाई जोड दिएका छन् ।
९. प्रेरित २:३८ संगको सम्बन्धमा प्रेरित २२:१६ ले, बप्तिष्मा पापक्षमा पाउनको निम्ति हो भन्ने प्रमाणित गर्दछ ।

## नयाँ करारको मण्डली

(अध्याय १२ का प्रश्नहरूको)

१. "प्रेरितहरूको शिक्षामा तिनीहरू भक्तिसाथ लागिरहन्थे" भन्नुको अर्थ प्रेरणा-प्राप्त प्रेरितहरूले जे सिकाउथे त्यसलाई विश्वासयोग्य भएर पछ्याउनु भन्ने हुन्छ। ख्रीष्टियानहरूमा परमेश्वरको वचन प्रति यस्तै प्रकारको दृढ समर्पण हुनुपर्दछ।

२. यरुशलेममाभएको मण्डलीमा एउटै विचार, मन र सिद्धान्त (शिक्षा) को एकरुपता थियो।

३. आजको मण्डली यसको दया र परमेश्वरको वचन प्रतिको आज्ञाकारिताको निम्ति परिचित हुनुपर्दछ। प्रत्येक व्यक्ति जसले सुसमाचारको आज्ञा पालन गरेका हुन्छन् ख्रीष्टसंग र मण्डलीका अरु सबै सदस्यहरूसंग एक बनाइएका हुन्छन्। ख्रीष्टियानहरू एउटै हृदय र जीवनभएको एउटा परिवार हुन्छन्।

४. कुन मण्डली नयाँ करारको मण्डली हो भन्ने निर्णयले हाम्रो परमेश्वर प्रतिको दैनिक जीवन, हाम्रो आत्मिक परिचय, हाम्रो आराधना र हाम्रो आत्मिक सेवालाई प्रभाव पार्दछ।

५. प्रेरित २:४१-४७, ५:११, ७:३८ र ८:१, ३ ले नयाँ करारको मण्डली पेन्तिकोसको दिनमा शूरुभएको थियो भन्ने देखाउँदछन्।

६. परमेश्वरको वचनबाट मूख्यरुपमा टाढा जाने काम ई.स. को दोस्रो शताब्दीबाट शुरुभएको थियो। यो टाढा जाने कार्य क्याथोलिक चर्चको उदय र पोप र जटिल पदिय श्रृखलाको समावेशका साथ उचाइमा पुगेको थियो। अरु सम्प्रदायहरू सोह्रौं शताब्दीबाट अस्तित्वमा आउन शुरु गरेका थिए।

७. व्यक्तिगतरुपमा ख्रीष्टियानहरू मिलेर ख्रीष्टको शरीर बनेको हुन्छ।

८. नयाँ करारमा पाइनेभन्दा अरु कुनै पनि नामले एउटा समूहलाई नयाँ करारको मण्डलीकोरुपमा परिचित गराएको छैन।

९. हो ख्रीष्टियानहरूले आज पनि नयाँ करारको मण्डलीको प्रमाणित अभ्यासहरू पछ्याउनु पर्दछ जुन परमेश्वरका आज्ञाहरूअनुसार स्थापित भएका थिए।

## परमेश्वरका जनहरूको निम्ति विशेष वचनहरू

(अध्याय १३ का प्रश्नहरूको)

१. परमेश्वर इस्राएलका राजा हुनुहुन्थ्यो, तिनीहरूको सरकार र

धर्मको प्रमुख हुनुहुन्थ्यो । इस्राएल एउटा "ईश्वरतन्त्र" (परमेश्वरबाट शासित एउटा राज्य) थियो ।

२. शाऊल राजा यहोवाको सेवक हुनुपर्दथ्यो । मोशाको व्यवस्थाद्वारा उनको अधिकार सिमित हुनुपर्दथ्यो ।

३. दानिएलको भविष्यवाणीअनुसार, आउन लागेको राज्य विशेष हुने थियो । यो एउटा अनन्त राज्य हुने थियो जुन राज्यको गुण अरु राज्यहरूकोभन्दा उच्च हुने थियो ।

४. पवित्र-आत्माको अगुवाईमा, "राज्य" शब्द क्रमैसंग "मण्डली" शब्दद्वारा प्रतिस्थापन हुनै थियो । यो शब्दको प्रयोगले कसरी उहाँका जनहरूको हृदयमाथिको ख्रीष्टको राजकिय भूमिकाले मण्डली सृष्टि गर्दछ भन्ने देखाउँदछ ।

५. पावल परमेश्वरको राज्यमा थिए तर उनले स्वर्गिय राज्यमा प्रवेश गर्ने बाटो हेरेका थिए । विश्वासयोग्य ख्रीष्टियानहरू अहिले ख्रीष्टको आत्मिक राज्य अन्तरगत छन्, तर अनन्तमा परमेश्वर, ख्रीष्ट र पवित्र आत्मासंग पूर्ण र अन्तरंग सम्बन्ध भित्र प्रवेश गर्ने छन् ।

६. "मण्डली" शब्द नयाँ करारमा ११४ पल्ट प्रयोग गरिएको छ । यो महत्वपूर्ण शब्दको नयाँ करारमाभएको प्रयोगलाई नबुझीकन हामीले ख्रीष्टको मुक्तिको मार्गलाई बुझ्न सक्दैनौ (हेर्नुहोस् परिशिष्ट ३) ।

७. प्रेरित १९:२५ मा भएअनुसार "मण्डली" शब्दको सामान्य अर्थ एउटा भेला हो ।

८. नयाँ करारमाभएको "मण्डली" शब्दको अर्थ संधै धार्मिक अथवा "बोलाइएकाहरूको' सभा भन्ने हुँदैन ।

## मण्डलीको ईश्वरीय नामहरू

(अध्याय १४ का प्रश्नहरूको)

१. येशू राजा (शिर) हुनुहुन्छ, र मण्डलीका सदस्यहरू उहाँका आत्मिक राज्यका नागरिकहरू हुन् ।

२. ख्रीष्टले मण्डली स्थापना गर्नुभयो, यसलाई किन्नुभयो, यसको मालिक हुनुहुन्छ र यसको शिरकोरुपमा कार्य गुर्नहुन्छ । मण्डलीलाई "परमेश्वरको मण्डली" कोरुपमा पनि हेर्न सकिन्छ ।

३. परमेश्वरले मण्डलीलाई विशिष्ट नामहरू दिनुभएको थियो ।

तिनीहरूले ईश्वरीय उद्देश्यहरू पुरा गर्दछन्, र हामीले तिनीहरूको उपयोग गर्नुपर्दछ ।

४. जब हामीले मण्डलीलाई बाइबलले गरे जस्तै सम्बोधन गर्दछौ, हामीले परमेश्वरले हामीलाई जे हुने इच्छा गर्नुभएको थियो त्यो पथमा लगाएका हुन्छौं ।

५. खीष्टियानहरू परमेश्वरका परिवार हुन् । उनीहरूकोरुपान्तरणमा, परमेश्वरले उनीहरूलाई परिवारको विशेषोधिकारहरू दिनुहुदै र उनीहरूलाई खीष्टसंगको अनन्त जीवनको उत्तराधिकारीहरू बनाउनु हुदै मानिसहरूलाई उहाँको सन्तानकोरुपमा ग्रहण गर्नुहुन्छ ।

६. एउटा "खीष्टियान" खीष्टको चेला हुन्छ जसले येशूले आफ्ना चेलाहरूलाई सिकाउनुभएको जस्तै जीवन बिताउने प्रयास गर्दछ ।

७. पावलले "मेरो निम्ति जिउनु खीष्ट हो र मर्नु लाभ हो" भनेका छन् ।

८. परिवर्तनमा, एउटा व्यक्ति परमेश्वरको सन्तानकोरुपमा ग्रहण गरिन्छ । उनले अनन्तको उत्तराधिकारको साथ-साथै परमेश्वरको पृथ्वीमाभएको परिवारको बल र सहयोग पाएका हुन्छन् । परमेश्वर पिता हुनुहुन्छ, येशू ठूलो दाजु हुनुहुन्छ, र सबै खीष्टयानहरू खीष्टमा दाजु-भाईहरू र दिदी-बहिनीहरू हुन्छन् ।

९. नयाँ करारमा "चेला" शब्द २३८ पल्ट देखापरेको छ ।

१०. एउटा चेला भनेको त्यो हो जसले स्वयम्लाई कुनै उभन्दा एक उच्च कहाँ समर्पित गरेको हुन्छ र निरन्तर ती सर्वोच्चबाट सिक्दछ । उनी एक श्रोता, एक विद्यार्थी र एक स्थानापन्न हुन्छन् ।

११. "सन्तहरू" परमेश्वरका निम्ति अलग गरिएका हुन्छन् । एउटा व्यक्ति त्यस बेला "सन्त" हुन्छन्, जब उनी परमेश्वरका निम्ति अलग गरिन्छन्, जब उनी खीष्टियान बन्दछन् अथवा बन्दछिन् । एउटा सन्त पवित्र बोलावटका साथ, पवित्र आचरणमा जिउन, र अन्त्यको दिनमा "पवित्र र निर्दोष र खोट" लगाउन नसकिने भएर परमेश्वरकोअघि उपस्थित हुने चाहना गर्न बोलाइएका हुन्छन् (हेर्नुहोस् कलस्सी १:२२) ।

## खीष्ट, मण्डलीको शिर

(अध्याय १५ का प्रश्नहरूको)

१. यदि सबैभन्दाअघि बसेर अगुवाइ गरिएको हुँदैन भने त्यो साँचो अगुवाइ नै होइन ।
२. येशूले मण्डलीलाई उहाँको व्यवस्थाद्वारा अगुवाई गर्नुहुन्छ (हेर्नुहोस् एफिसी १:२१, २३, कलस्सी १:१८, १९) ।
३. समयको अन्त्य नभएसम्म येशूले शिरकोरुपमा मण्डलीमा शासन गर्नुहुन्छ ।
४. येशू एउटा सिद्ध जीवन बिताएर र पिता प्रतिको उहाँको आज्ञापालनाद्वारा हाम्रो सिद्ध मुक्तिदाता बन्नुभएको छ ।
५. हामीले जेलाई हेर्दछौ हामी त्यही बन्छौ । खीष्टियानहरूले कसरी जीवन बिताउने भनी नमूनाकोरुपमा खीष्टको जीवनलाई हेर्दछन् ।
६. हामीले खीष्टको नम्रता र सेवाको उदाहरण पछ्याउनु पर्दछ ।
७. जुन तरिकाले आवश्यक छ त्यसैअनुसारले एकअर्काको सेवा गर्दै खीष्टियानहरूले "एकले अर्काको खुट्टा धुन्छन्" ।

## मण्डलीमा प्रवेश

(अध्याय १६ का प्रश्नहरूको)

१. प्रभुको मण्डलीको अनमोलपन यसको ईश्वरीय श्रोत, यसको अमूल्य दाम र यसको निम्ति तिरिएको महान मूल्यले देखाएका छन् ।
२. हो, महान आज्ञाका सर्तहरू आज हामीलाई पनि लागू हुन्छ । यी यो संसारको अन्त्य नभएसम्म प्रभावकारी नै रहने छन् (मत्ती २८:१८-२०) ।
३. क्रूसमा टाँगिएको अपराधीले जस्तै हामीले उद्धार पाउन सक्दैनौ किनभने त्यो अपराधीको मृत्यु पुरानो करार अन्तरगतभएको थियो । अहिले खीष्ट हाम्रो निम्ति मरी सक्नुभएको छ, अब हामीले उहाँको महान आज्ञा पालन गर्नै पर्दछ ।
४. आज मण्डलीको सदस्य हुनको निम्ति, एक व्यक्तिले विश्वास, पश्चाताप, खीष्टलाई स्वीकार गरेर बप्तिष्मा लिनै पर्दछ (प्रेरित २:३८, ४७) ।
५. उद्धार पाएकालाई प्रभुको मण्डलीमा मानिसले थप्दैनन्, परमेश्वरले मात्र त्यसो गर्नुहुन्छ ।

६. जब कसैले एक ख्रीष्टियान हुनको निम्ति प्रेरितको पुस्तकमा जे गरिएको छ त्यो गर्दछन् भने, परमेश्वरले पनि उनको निम्ति ती गर्नुहुनेछ जुन उहाँको इच्छा पालन गर्नेहरूका निम्ति प्रेरितको पुस्तकका उहाँले गर्नुभएको थियो ।
७. सुसमाचार प्रेरित २ अध्यायका मानिसहरूले जस्तै गरि पालन गर्नाले, एक व्यक्ति उ ख्रीष्टिय मण्डली भित्र छ भनी ढुक्क हुनसक्छ । उ विश्वस्त हुन सक्दछ किनभने परमेश्वरका प्रतिज्ञाहरू विश्वस्त छन् ।
८. हो, जब प्रभुका मुक्तिका शर्तहरू भ्रष्ट पारिन्छ, त्यहाँ ठूलो हानी पुऱ्याइएको हुन्छ । यी शर्तहरू पालन नगरी र प्रभुको योजनामा यिनीहरूको महत्वलाई नदेखी कसैले पनि येशूको आज्ञालाई गम्भिरताकासाथ लिन सक्दैनन् ।

## मण्डलीको एकता

(अध्याय १७ का प्रश्नहरूको)

१. एकता सुखद हुन्छ किनभने यसले ख्रीष्टमाभएको विश्वास बढाउँछ । यो असल छ किनभने ख्रीष्टले यसको निम्ति प्रार्थना गर्नुभएको थियो ।
२. उहाँ क्रूसमा टाँगिनुभन्दाअघि, येशूले विश्वासीहरूको एकताको निम्ति प्रार्थना गर्नुभएको थियो ।
३. पावलले एकताको निम्ति येशूको नाममा अनुरोध गरेका छन् ।
४. ख्रीष्टियानहरू ख्रीष्टसंग, एक-अर्कासंग, एउटै परिवारका सदस्यहरू जस्तै गरि एक भएका हुन्छन् ।
५. जब कसैले ख्रीष्टमा बप्तिष्मा लिन्छन् भने उनी अरु ख्रीष्टियानहरूसंग एकभएको हुन्छन्/हुन्छिन् ।
६. मण्डलीमा शिक्षा र विश्वासमा एकरुपता हुन्छ । एकता पवित्र आत्माद्वारा हरेकलाई दिइएको हुन्छ जसले ख्रीष्टको शरीरमा प्रवेश गरेका हुन्छन्, तर यो एकतालाई प्रत्येक ख्रीष्टियनले कायम राख्ने उपाय भनेको धर्मशास्त्रहरूको शिक्षाहरूको आज्ञापालन गर्नु नै हो ।
७. ख्रीष्टको इच्छा प्रतिको समर्पणले एकता उत्पन्न गर्दछ ।
८. प्रत्येक ख्रीष्टियानको बाइबल प्रतिको चासोले शिक्षामा एकता आउँछ भने, एक-अर्का प्रतिको चासोले दैनिक जीवनयापनमा

एकता आउँदछ । मण्डलीलाई दुवै चाहिन्छ ।

९. एकता कायम राख्न, ख्रीष्टियानहरूले दाजु-भाईहरू र दिदी-बहिनीहरूलाई प्रेम र अनुग्रहका साथ विचार गर्नुपर्छ । प्रत्येकले स्वार्थपूर्णरुपमा केही पनि नगरी उनको आफ्नो विचारहरू र इच्छाहरूलाई तुच्छ ठान्नु पर्दछ ।

## अनन्त इनाम र दण्ड

(अध्याय १८ का प्रश्नहरूको)

१. परमेश्वर प्रेम, दया र सहनशील हुनु भए तापनि, उहाँ क्रोध र बदलाको परमेश्वर पनि हुनुहुन्छ । परमेश्वर दायालु र कठोर दुवै हुनुहुन्छ ।
२. दृष्टहरूले अनन्तसम्म अन्त्य नहुने दण्ड निरन्तर पाउने छन् । प्रकाश १४:११ ले तिनीहरूले "सदासर्वदै" यातना पाइरहने छन् भनेको छ ।
३. जो नर्क पठाइन्छन् तिनीहरू परमेश्वरबाट अलग हुनेछन्, दियावलस र त्यसका दूतहरूसंग बस्ने छन्, बाहिरी अन्धकारमा, आगो र गन्धकमा कष्ट भोग्ने छन् र परमेश्वरको बदलाको दण्ड सहनेछन् ।
४. पावलले जसले दण्ड पाउँछन् तिनीहरूलाई हठी र अपश्च्यतापी हृदय भएका, परमेश्वरलाई नचिन्ने र सत्यको पालन नगर्नेहरू भनी वर्णन गरेका छन् ।
५. हाम्रो सबैभन्दा ठूलो लक्ष्य भनेको स्वर्ग पुग्ने र नर्कको विभत्सताबाट बच्ने हुनुपर्दछ ।
६. ती पुरानो करार अन्तरगत हुनेहरूलाई कनानको भूमिका साथै दिर्घ जीवन र सम्पन्नताको प्रतिज्ञा गरिएको थियो । ख्रीष्टियानहरूलाई स्वर्गमा सदासर्वदै स्थान दिने प्रतिज्ञा गरिएको छ ।
७. "स्वर्गले" तीनवटा फरक-फरक क्षेत्रहरूलाई संकेत गर्दछ, (१) आकाश जहाँ बादलहरू हुन्छन् र चराहरू उड्दछन्, (२) ताराहरू र पिण्डहरूले भरिएको ब्रम्हाण्ड र (३) परमेश्वरको बासस्थान ।
८. हामीसंग घाम, जुन अथवा एउटा बत्ती पनि हुने छैन किनभने परमेश्वर हाम्रो ज्योति हुनुहुनेछ । हामीलाई शारीरिक खानाको

आवश्यकता पर्ने छैन, किनभने जीवनको रुख, हाम्रो पहुँच नजिकै हुनेछ ।

९. जसले परमेश्वरको इच्छा पुरा गर्दछन्, तिनीहरू स्वर्ग जानेछन् ।

## पश्चाताप

(अध्याय १९ का प्रश्नहरूको)

१. मृत्युपछि धनी मानिसका प्राथमिकताहरू परिवर्तन भएका थिए । उ उसको आत्माको अवस्थाको निम्ति र उसका भाइहरूको आत्मिक अवस्थाको निम्ति चिन्तितभएको थियो ।

२. "पश्चाताप" एउटा कुनेढुङ्गो जस्तो शब्द हो किनभने जसले पश्चाताप गरेका हुन्छन् उनीहरू ख्रीष्टियान हुन सक्छन् । वास्तवमा, अनन्त जीवनको ढोका साँचो पश्चातापपछि मात्र खुल्दछ ।

३. यहूदाको पछुतोले (मत्ती २७:३) पश्चाताप पछुतो गर्नुभन्दा धेरै ठूलो कुरा हो भन्ने देखाउँदछ । यहूदाले येशूलाई धोका दिएँ भनी पछुतो गरेको थियो, तर उसले पश्चाताप भने गरेन ।

४. ईश्वरीय शोकले पश्चाताप तर्फ लान्छ र उत्पन्न गर्छ । ईश्वरीय शोक यो प्रकृयाको एउटा अंश हो, तर यो आफैमा पश्चाताप भने होइन ।

५. शाऊलले दृढरुपमा इच्छा परिवर्तन गरेका थिए जसले स्पष्टरुपमा उनको पश्चातापलाई देखाउँदछ । उनले ख्रीष्टको मण्डलीलाई सताउन छोडेका थिए र उनको सम्पूर्ण जीवन येशूलाई समर्पित गरेका थिए ।

६. पावलले थेसेलोनिकीहरूलाई आज्ञा गरेका छन् किनभने उनीहरूको पश्चातापमा "तिनीहरू जीवित र साँचो परमेश्वरको सेवा गर्न मूर्तिहरूबाट परमेश्वरतर्फ फर्केका थिए" (१ थेसलोनिकी १:९) । तिनीहरूले पश्चाताप भनेको पापबाट फर्कनु मात्र होइन, तर परमेश्वर तर्फ फर्कनु पनि हो भन्ने देखाएका छन् ।

७. पश्चाताप भनेको पापको स्वीकारभन्दा बढी हो त्यसमा निश्चय नै पापबाट फर्कनु र ख्रीष्ट तर्फ फर्कनु पर्ने हुन्छ । कसै-कसैले अरु व्यक्तिसँग पाप स्वीकार गर्नु नै पश्चाताप हो भन्ने सोच्छन् । हाम्रो पाप मानीलिनु महत्वपूर्ण हुन्छ (याकूब ५:१६), तर त्यहाँ पापमय अभ्यासहरूलाई पनि त्यागिएको हुन पर्दछ ।

८. परमेश्वरको भलोपन, इनामको प्रतिज्ञा, र दण्डको भय यी तीन कुरा पश्चातापको निम्ति दिइएका आत्मिक प्रेरणाहरू हुन् ।

## तपाईले येशूसंग के गर्नु हुनेछ ?

(अध्याय २० का प्रश्नहरूको)

१. येशू स्वर्ग जाने एउटै मात्र बाटो हुनुभएकोले, उहाँ तर्फको हाम्रो प्रतिकृयाले हामीले अनन्तसम्म कहाँ समय बिताउने छौ भन्ने कुरा निर्धारण गर्दछ ।

२. शिशुहरू र साना बाल-बालिकाहरूले बप्तिष्मा लिन आवश्यक हुँदैन किनभने उनीहरूले पाप के हो भन्ने बुझेका हुँदैनन् ।

३. बप्तिष्मा पाप हटाउनको, अथवा पापक्षमाको निम्ति दिइन्छ ।

४. नयाँ करारको मण्डली चिन्नको निम्ति, "के तिनीहरूले नयाँ करारको मण्डली हुने प्रयास गरिरहेका छन् ?", "के तिनीहरू हरेक आइतबार प्रभुभोजमा सहभागी हुन्छन् ?", "के तिनीहरूले विना बाधयन्त्र भजन गाउँछन् ?", "के तिनीहरूले येशूको नाउँमा प्रार्थना गर्दछन् ?", "के तिनीहरूको आफ्नो उन्नतिबाट आइतबार भेटी दिने गर्दछन् ?", "तिनीहरूको संगठन कस्तो छ ?", "के उनीहरूको पृथ्वीमा मुख्यालय छ ?", "तिनीहरूको लक्ष्य के हो ?" भन्ने प्रश्नहरू सोध्नुहोस् ।

५. रोमी ६:४ ले बप्तिष्मा भनेको पानीमा गाडीनु हो भनी सिकाउँछ।

६. एउटा ख्रीष्टियानको जीवनलाई संक्षेपमा वर्णन गर्ने असल तरिका भनेको उनी ख्रीष्टमा बप्तिष्मा भएका छन् र उनी ख्रीष्टका चेला हुन् भन्नु नै हो ।

७. एउटा ख्रीष्टियान परमेश्वरको वचनको नजिकै बस्दछन् जसले गर्दा उनले ख्रीष्टको परमेश्वर प्रतिको आज्ञा पालनको नक्कल गर्न सकेका हुन् ।

८. ख्रीष्टियानहरू हरेक आइतबार, अथवा प्रभुको दिनमा, एकसाथ भेला भएर भजन गाउँदै, प्रार्थना गर्दै, परमेश्वरको वचन अध्ययन गरेर, प्रभुभोजमा सहभागी भएर, र उनीहरूको धन भेटीकोरुपमा दिँदै आराधना गर्दछन् ।

९. प्रभुभोजको स्थापना गर्दै, येशूले अखमिरी रोटी र दाखको फल अर्थात् अंगुरको रस प्रयोग गर्नुभएको थियो ।

१०. एउटा ख्रीष्टियान हुन र एउटा ख्रीष्टियानकोरुपमा जीवन विताउनको निम्ति, तपाईले (१) ख्रीष्ट कहाँ आउनु पर्छ, (२) उहाँको निम्ति जीवन सुरु गर्नुपर्दछ, (३) नियमितरुपमा अरु ख्रीष्टियानहरूसंग आराधना गर्नुपर्छ, र (४) अरुहरूको सेवा गर्न सुरु गर्नुपर्दछ ।